व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति २०७५/१/१३)

यस केन्द्रको मिति २०७४/१२/२७ गते कारोवार दैनिकमा प्रकाशित **निकासी भइरहेको एवं निकासी सम्भावना रहेको विभिन्न सामानहरु खरिद सम्वन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना** अनुसारको शर्त वमोजिम हुने गरी पुनः ७ दिन भित्र दरभाउ पत्र फाराम खरिद गरी ८ औं दिन दिनको १२ वजे भित्र बुझाउने गरी रितपूर्वकको सिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि केन्द्रमा सम्पर्क गर्न वा केन्द्रको सूचना पाटी र वेभसाइट www.tepc.gov.np हेर्न हुन अनुरोध गरिन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

पुल्चोक, ललितपुर

## निकासी भईरहेका एवं निकासी सम्भावना रहेको विभिन्न सामानहरु खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हनको सूचना

**(दोश्रो पटक सूचना प्रकाशित मितिः २०७५।१।१३)**

यस केन्द्रको लागि स्वीकृत स्पेसिफिकेशन बमोजिमको तपसिलमा उल्लेखित सामानहरु खरिद गर्नु परेकोले इच्छुक ईजाजत प्राप्त फर्म वा कम्पनी तथा सप्लायर्सहरुबाट देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ-पत्र आह्वान गरिएको छ।

१. योग्य शिलवन्दी दरभाउ-पत्रदाताले शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु केन्द्रको कार्यालय पुल्चोक, ललितपुरबाट लिखित निवेदनका साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्राप्त गर्न सक्नेछन्। यस्तो निवेदनको साथमा शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातको दस्तुर रु.१,०००।०० अक्षरमा रु. एक हजार मात्र (फिर्ता नहुने गरी) यस केन्द्रको नाममा नेपाल इन्भेष्टमेण्ट बैंक, पुल्चोकमा रहेके खाता नं. ००४०५०१००३२४३२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

२. शिलबन्दी गरिएको दरभाउ-पत्र केन्द्रको कार्यालयमा मिति २०७५।०१।२० गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ। शिलबन्दी गरिएको दरभाउ-पत्रको खाममा स्पष्टसँग दरभाउ-पत्र नम्बर उल्लेख गर्नुपर्ने छ।

३. शिलबन्दी गरी तोकिएको समयभित्र पेश भई प्राप्त भएका दरभाउ-पत्रहरु, उपस्थित हुन चाहेका शिलवन्दी दरभाउ-पत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा, केन्द्रको कार्यालय, पुल्चोक, ललितपुरमा मिति २०७५।०१।२० गते दिनको १:०० बजे खोलिनेछ। दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपशिथत नभएता पनि दरभाउ-पत्र खोल्न बाधा पर्ने छैन।

४. दरभाउ-पत्रको साथ जमानत रकम रु.२८०००।-(अठ्ठाइस हजार) केन्द्रको नाममा नेपाल इन्भेष्टमेण्ट बैंक, पुल्चोकमा रहेके खाता नं. ००४०५०१००३२४३२ मा जम्मा गरेको रकमको सक्कल बैंक भौचर वा यस केन्द्रको नाममा जारी गरिएको दरभाउ-पत्र पेस गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंकबाट जारि भएको बैंक ग्यारेन्टि(विड वण्ड)को सक्कलै प्रति पेस गर्नु पर्नेछ।

५. दरभाउ-पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन र समयमा दरभाउ-पत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अबस्थामा दरभाउ-पत्र र दरभाउ-पत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ।

६. म्याद नाघि र रित नपुगि प्राप्त भएको दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन।

७. कुनै वा सबै दरभाउ-पत्र कारण जनाई वा नजनाई पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहने छ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुने छ।

९. योग्य शिलवन्दी दरभाउ-पत्रदाताहरूले थप जानकारीको लागि वा शिलवन्दी दरभाउ-पत्र सम्बन्धी कागजातहरु र स्पेसिफिकेशन हेर्न (अध्ययन गर्न) चाहेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क राख्न सक्नेछन्।

१०. यो सूचना केन्द्रको वेभसाइट www.tepc.gov.np मा समेत हेर्न सकिनेछ। साथै यस सम्वन्धी थप वुझ्नु परेमा यस केन्द्रको फोन नं.**०१५५५११५७, ०१५५२५८९८, ०१५५३२६४३** मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| सि.नं. | दरभाउपत्र नम्बर | सामानको विवरण | परिमाण | लागत अनुमान (कर शुल्क सहित) रु. | जमानत रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | **TEPC/MP/2074/75** | निकासी भईरहेका एव निकासी सम्भावना रहेका विभिन्न सामानहरु | स्पेशिफिकेसनमा उल्लेख भए अनुसार | रु.१०,९४,०००।०(दश लाख चौराननब्बे हजार मात्र) | रु.२८,०००।-(अठ्ठाइस हजार मात्र) |